## विहादी गाउँ कार्यपालिकाको २०८३ साल जेठ २६ गतेको निर्णय प्रमाणित:

**निर्णय नं. १:** विहादी गाउँपालिकाको गाउँसभाको १९ औं अधिवेशन २०८३ साल असार १० गते बुधबार दिउँसो १:०० बजे आह्वान गर्ने ।

**निर्णय नं. २:** आर्थिक वर्ष २०८२।०८३ मा सञ्चालन हुने तर हालसम्म सम्झौता नभएका योजनाहरुको मिति २०८३।०२।१० गतेभित्र सम्झौता गरि निर्धारित समयभित्र काम सम्पन्न गर्ने कार्यपालिकाको मिति २०८३।०१।३१ गतेको बैठकबाट निर्णय भएकोमा हालसम्म पनि कतिपय योजनाहरुको सम्झौता गर्न छुट भएकोले मिति २०८३।०२।२९ गते भित्र अनिवार्य रुपमा सम्झौता गरिसक्ने ।

**निर्णय नं. ३:** विहादी गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन बमोजिमको संगठन संरचना तथा दरबन्दी तेरिज संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ बमोजिम स्वीकृतिका लागि आगामी गाउँ सभामा पेश गर्ने निर्णय गरियो । साथै सर्वेक्षण प्रतिवेदन निर्माण गर्न प्राविधिक सहयोग गर्ने परामर्शदातालाई सम्झौता बमोजिमको रकम भुक्तानी गर्ने ।

**निर्णय नं. ४:** चालु आर्थिक वर्ष २०८२।०८३ मा निर्माण सम्पन्न भएको विहादी गाउँपालिकाको मध्यमकालीन खर्च संरचनाको निर्माण कार्य सम्पन्न भएकोले विहादी गाउँपालिकाको मध्यकालीन खर्च संरचना (आ.व. २०८३।८४-२०८५।८६) स्वीकृत गर्ने साथै मध्यमकालीन खर्च संरचना निर्माण गर्न प्राविधिक सहयोग गर्ने परामर्शदातालाई सम्झौता बमोजिमको रकम भुक्तानी गर्ने ।

**निर्णय नं. ५:** विहादी गाउँपालिकाको आ.व. २०८२/०८३ को प्रदेश सरकारबाट हस्तान्तरित समपूरक अनुदान अन्तर्गतको वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएको डडार जिरो देखि वडा कार्यालयसम्म सडक स्तरोन्नति शिर्षक उल्लेख भएको योजनालाई मिति २०८२।०५।१९ मा Contract No. BRM/PAR/W/NCB/KUR/02/082/83 मा Upgrading of Khorpokhara Urampokhara Road शिर्षकमा ठेक्का आह्वान भई योजनाको शिर्षक फरक परेतापनि योजना एउटै भएकोले सोही बमोजिम कार्यसम्पादन गर्ने ।

**निर्णय नं. ६:** विहादी गाउँपालिकाबाट हुने सार्वजनिक खरिद सम्बन्धी कार्यलाई सरल, सहज, छरितो र प्रभावकारी बनाउन विहादी गाउँपालिकाका लागि तयार गरिएको सोझै खरिद सम्बन्धी कार्यसञ्चालन विधि - २०८३ स्वीकृत गर्ने ।

**निर्णय नं. ७:** विहादी गाउँपालिकामा उपभोक्ता समितिबाट योजना सञ्चालन गर्ने सम्बन्धमा विद्यमान कानूनको अधीनमा रही विहादी गाउँपालिकाद्वारा स्वीकृत योजना तथा कार्यक्रमहरु उपभोक्ता समिति मार्फत सञ्चालन गर्दा सहज, प्रभावकारी, पारदर्शी र सहभागितामूलक रुपमा सञ्चालन गर्न तयार गरिएको विहादी गाउँपालिकाको उपभोक्ता समिति मार्फत योजना तथा कार्यक्रम सञ्चालन सम्बन्धी कार्य सञ्चालन विधि - २०८३ स्वीकृत गर्ने ।

**निर्णय नं. ८:** आर्थिक वर्ष ०८२।८३ मा गाउँपालिकाभित्र सञ्चालित लिफ्टिङ खानेपानी आयोजना मर्मत तथा सञ्चालन शिर्षकमा विनियोजित रकम रु. ६,००,०००।– मध्येबाट विहादी गाउँपालिकाभित्र सञ्चालित देहाय बमोजिमका खानेपानी आयोजनालाई विल भरपाईको आधारमा देहाय बमोजिमको रकम भुक्तानी गर्ने ।

| क्र.सं. | आयोजना/ समितिको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | शालिग्राम लिफ्ट खानेपानी तथा सरसफाई उ.स., विहादी-६ | २,००,०००।- | |
| २ | मझुवा भतेरपाटा लिफ्ट खानेपानी तथा सरसफाई उ. सं., विहादी -५ | १,००,०००।- | |
| ३ | रानीपानी अरेवा सातमुले लिफ्ट खानेपानी तथा सरसफाई उ.स., विहादी ३ | २,००,०००।- | |
| ४ | रानीपानी खानेपानी रुम्टा लिफ्ट निर्माण उ. स., विहादी -३ | १,००,०००।- | |
| | जम्मा | ६,००,०००।- | |

**निर्णय नं. ९:** सोनी फिल्मस् प्रा.लि.को च.नं. २० मिति २०८३।०२।२५ को चेतनामूलक चलचित्र प्रदर्शन तथा सामाजिक सचेतनाका लागि बजेट विनियोजन सम्बन्धी पत्रानुसार विहादी गाउँपालिकाको गौरव र गरिमा बढाउने अभियानका लागि आगामी गाउँसभाबाट बजेट विनियोजन गर्नका लागि अर्को कार्यपालिका बैठकमा बजेट प्रस्ताव सहित छलफल गर्ने ।

**निर्णय नं. १०:** वहाकी सामुदायिक क्याम्पस, विहादी गाउँपालिका-४, वहाकी, शालिग्राम, चिलाउनेखर्क, पर्वतको मिति २०८३।०२।२१ को अनुदान सहयोग सम्बन्धी पत्रानुसार नियमित अनुदान र क्याम्पसको प्रशासनिक भवनमा ट्रस निर्माणका लागि आगामी गाउँसभाबाट बजेट विनियोजन गर्नका लागि अर्को कार्यपालिका बैठकमा बजेट प्रस्ताव सहित छलफल गर्ने ।

**निर्णय नं. ११:** अकला आवाज साप्ताहित, वालिङ स्याङ्जाको मिति २०८३।०२।०६ को पर्वत र स्याङ्जाको पर्यटन सम्भावना, चुनौती विषयक कार्यक्रम प्रस्तावना बमोजिम कार्यक्रम सञ्चालनका लागि आगामी गाउँसभाबाट बजेट विनियोजन गर्नका लागि अर्को कार्यपालिका बैठकमा बजेट प्रस्ताव सहित छलफल गर्ने ।

**निर्णय नं. १२:** विहादी गाउँपालिकाबाट आर्थिक वर्ष २०८२।८३ मा विभिन्न शिर्षकमा विनियोजित बजेट रकमबाट देहाय बमोजिमका व्यक्ति/संघ/ संस्था/ समूह/ क्लवलाई देहाय बमोजिमको रकम उपलब्ध गराउने ।

विहादी गाउँ कार्यपालिकाको कार्यालय
वहाकोठाँटी, पर्वत

धनन्त बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | बजेट शिर्षक | रकम उपलब्ध गराउने व्यक्ति/ संघ/ संस्था/ समूह/ क्लव | उपलब्ध गराउने रकम | कैफियत |
|---|---|---|---|---|
| १ | अन्य विविध कार्यक्रम | लक्ष्मीभवन मा.वि., विहादी-४ | ५०,०००।- | |
| २ | अन्य विविध कार्यक्रम | शालिग्राम मा.वि., विहादी-६ | १,००,०००।- | |
| ३ | स साना योजना | भडादी पदमार्ग पहिरो सरसफाई योजना, विहादी ५ | १८,०००।- | |
| ४ | स साना योजना | डाँडाकुलो सरसफाई विहादी ५ | १९,०००।- | |
| ५ | स साना योजना | लौके प्रतिक्षालय देखि सिम्लेसम्म सडक सरसफाई विहादी ४ | १९,५००।- | |
| ६ | मागमा आधारित विविध कार्यक्रम खर्च | चन्द्र मा वि उरामपोखरा अफिस डेकोरेशन वालकक्षा कार्पेट व्यवस्थापन | १,००,०००।- | |
| ७ | मागमा आधारित विविध कार्यक्रम खर्च | चन्द्र मा वि खोरपोखरा कार्यक्रम | ५०,०००।- | |
| ८ | मागमा आधारित विविध कार्यक्रम खर्च | कालीगण्डकी युवा क्लव कार्यक्रम खर्च | ३०,०००।- | |
| ९ | मागमा आधारित विविध कार्यक्रम खर्च | विहादी परिवर्तनशील युवा क्लव रातमाटा | २०,०००।- | |
| १० | भैपरी आउने कार्यक्रम खर्च विहादी-३ | शिवालय मन्दिर | १९,५००।- | |
| ११ | विविध तथा भैपरी आउने, विहादी ५ | चण्डीथान निर्माण योजना (निर बहादुर थापा) | १९,५००।- | |
| १२ | विविध तथा भैपरी आउने, विहादी ५ | पदमार्ग निर्माण योजना (जित बहादुर थापा) | १९,५००।- | |
| १३ | विविध तथा भैपरी आउने, विहादी ५ | काब्राको फेद पदमार्ग निर्माण योजना (तोरण बहादुर थापा) | १९,५००।- | |
| १४ | विविध तथा भैपरी आउने, विहादी ५ | कालिका कोट मन्दिर रेलिङ निर्माण (दुर्गा बहादुर थापा) | १९,५००।- | |
| १५ | विविध तथा भैपरी आउने, विहादी ५ | सिंचाई कुलो सरसफाई योजना (हिमलाल भट्टराई) | १९,५००।- | |
| १६ | विविध तथा भैपरी आउने, विहादी ५ | दोबाटो नाली सरसफाई (याम कान्त भुसाल) | १९,५००।- | |
| १७ | विविध तथा भैपरी आउने, विहादी ५ | टारी रेलिङ निर्माण योजना (हुम प्रसाद बसेल) | १९,५००।- | |
| १८ | विविध तथा भैपरी आउने, विहादी ५ | बस्ती संरक्षण योजना (ज्ञान प्रसाद काफ्ले) | १९,५००।- | |
| १९ | विविध तथा भैपरी आउने, विहादी ५ | नाली तथा ढल सफाई (पदम भुसाल) | १९,५००।- | |
| २० | विविध तथा भैपरी आउने, विहादी ५ | भिरपानी नाली सफाई | ६,०००।- | |
| २१ | आर्थिक सहायता | लोक प्रसाद बसेल, विहादी ५ | १५,०००।- | |

**निर्णय नं. १३:** विहादी गाउँपालिकाको कृषक कल्याणकारी बचत कोष कार्यविधि २०७८ बमोजिम कृषक कल्याणकारी बचत कोषमा आवद्ध हुन निवेदन पेश हुन आएका देहाय बमोजिमका निवेदकहरुलाई उक्त कार्यक्रममा समावेश गर्ने ।

| क्र.सं. | कृषकको नाम थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | नेहरु लाल भुसाल | विहादी ४ | |
| २ | रेशम लाल न्यौपाने | विहादी ४ | |

विहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वहाकीठाँटी, पर्वत गण्डकी प्रदेश, नेपाल

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ३ | तुल्सिराम न्यौपाने | विहादी ४ | |
| ४ | नारायणदत्त न्यौपाने | विहादी ४ | |

**निर्णय नं. १४:** आर्थिक वर्ष २०८२।०८३ मा नेपाल सरकार रोजगारी सिर्जना शिर्षकमा विनियोजित बजेट मध्येबाट बाँकी बजेट रकम रु ४,७२,०००।– बाट देहाय बमोजिमका साझेदारी योजना सञ्चालन गर्ने ।

| क्र सं | योजना शिर्षक | बजेट रकम | कैफियत |
|---|---|---|---|
| १ | सालडाँडा तोमी कु पैदल मार्ग निर्माण, विहादी १ | १,००,०००।- | |
| २ | बाँयडाँडा पैदल मार्ग निर्माण, विहादी ३ | ५०,०००।- | |
| ३ | बर्रचौर रोजगार साझेदारी योजना, विहादी २ | १,७२,०००।- | |
| ४ | पौडेल सिंजाली पदमार्ग निर्माण भतेरपाटा, विहादी ५ | १,००,०००।- | |
| ५ | नौघरे देखि गैरेटोल जाने गोरेटो बाटो, विहादी २ | ५०,०००।- | |
| | जम्मा | ४,७२,०००।- | |

**निर्णय नं. १५:** आर्थिक वर्ष २०८२।०८३ मा पूर्वाधार विकास तथा रोजगार साझेदारी शिर्षकमा विनियोजित बजेट बजेट रकम रु ३,८०,०००।– बाट देहाय बमोजिमका साझेदारी योजना सञ्चालन गर्ने ।

| क्र सं | योजना शिर्षक | बजेट रकम | कैफियत |
|---|---|---|---|
| १ | बाँयडाँडा पैदल मार्ग निर्माण, विहादी ३ | ५०,०००।- | |
| २ | बर्रचौर रोजगार साझेदारी योजना, विहादी २ | १,७०,०००।- | |
| ३ | पौडेल सिंजाली पदमार्ग निर्माण भतेरपाटा, विहादी ५ | १,००,०००।- | |
| ४ | सुनडाँडा पदमार्ग तथा रेलिङ निर्माण, विहादी ५ | ६०,०००।- | साझेदारी नभएको |
| | जम्मा | ३,८०,०००।- | |

**निर्णय नं. १६:** विहादी गाउँपालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरु पूर्ण खोप सुनिश्चित घोषणा भईसकेकोले यस विहादी गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा गर्ने ।

**निर्णय नं. १७:** विहादी गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा रहेका शिक्षक र विद्यार्थी अनुपातको आधारमा शिक्षक दरबन्दी मिलान गर्ने र सगरमाथा मा.वि., विहादी-४ को सबै कक्षा अर्को व्यवस्था नभएसम्मको लागि स्थगन गर्ने ।

**निर्णय नं. १८:** विहादी गाउँपालिकाबाट ठेक्का आह्वान भएको Contract ID: BRM/PAR/SQ/SKM/02/082/83 को पैंयु कालिका सप्लायर्स एण्ड कन्स्ट्रक्सन छनौट भएको सापचौर खेलमैदान निर्माण योजनाको कार्य सञ्चालनका लागि जग्गा प्राप्ति भईनसकेकोले उक्त ठेक्का सम्झौता रद्द गर्ने ।

**निर्णय नं. १९:** सापचौर खेलमैदानको गेट रंगरोगन, लेखन, शिलालेख लगायत अन्य खर्च वापतको रकम रु. ६०,०००।– विविध पुँजीगत शिर्षकबाट भुक्तानी गर्ने ।

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति: २०८३।०२।२८